विहादी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
वहाकीठाँटी, पर्वत
गण्डकी प्रदेश, नेपाल

पत्र संख्या :-
चलानी नं. :-

मिति :-

## ५० % अनुदानमा भकारो सुधार कार्यक्रम सञ्चालन हुने सम्वन्धी सूचना !!!

सूचना नं - ११

प्रथम पटक प्रकाशित मिति २०८०/०५/२२

विहादी गाउँपालिका कृषि विकास शाखाको आ.व २०८०/८१ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार भकारो सुधार कार्यक्रम रहेकोले उक्त कार्यक्रम सञ्चालन गर्न ईच्छुक विहादी गाउँपालिका भित्रका कृषि सहकारी , कृषक समूह, कृषि फर्म र व्यवसायिक कृषकहरुले यो सूचना प्रकाशन भएको **मितिले १५ दिन (मिति २०८०/०६/०५ गते) भित्र** विहादी गाउँपालिका वा सम्वन्धित वडा कार्यालयहरुमा उपलब्ध हुने निवेदनको ढाँचा भरि आफुलाई पायक पर्ने स्थानहरु ( गाउँपालिका वा सम्वन्धित वडा कार्यालय ) मा तपशिल बमोजिमको प्रक्रिया पुऱ्याई निवेदन पेश गर्नहुन यो सूचना प्रकाशन गरिएको छ । रित नपुगेका वा म्याद नाघि प्राप्त हुन आएका र विगतका बर्षमा अनुदान पाएका लाभग्राही हरुको प्रस्ताव छनौटका लागि समावेश नहुने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराउदछौ ।

| क्र.स | कार्यक्रम | अनुदान | कुल बजेट | कैफियत |
|---|---|---|---|---|
| १. | भकारो सुधार कार्यक्रम | ५० % | ८ लाख | |

आवश्यक कागजातहरु

- तोकिएको ढाँचा अनुसारको निवेदन ।
- नागरिकताको प्रतिलिपी / कृषक वर्गिकरण परिचयपत्रको प्रतिलिपी ।
- संक्षिप्त व्यवसायिक कार्ययोजना ।
- सम्वन्धित वडाको सिफारिस ।
- समूह / सहकारीको हकमा कार्यक्रम माग गर्नका लागि समूहको निर्णय,दर्ता/नविकरण प्रमाणपत्र,कर चुक्ता प्रमाणपत्रहरुको प्रतिलिपी।

राम प्रसाद शर्मा कंडेल
प्रमुख प्रशासकीय अधिकृत